# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २६२ | बुटवल | २०८२ असोज ०३ गते, शुक्रबार | नेपाल संवत ११४५ | Friday September 19, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**संविधान दिवस भव्य रुपमा मनाऔं ।**

-संविधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रुपमा मनाऔं ।

-संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं ।

-संविधानको महत्व बुझौं र बुझाऔं ।

-प्रत्येक नागरिकले असोज २,३ र ४ गते घरघरमा राष्ट्रिय झण्डा फहराऔं र दीपावली गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड


# सरकार चुनावभन्दा दायाँबायाँ नलागोस् : नागरिक समाज



बुटवल । नागरिक समाजका अगुवाहरूले अन्तरिम सरकारको मुख्य काम चुनाव भएकाले योभन्दा दायाँबायाँ नलाग्नका लागि सचेत गराउन राष्ट्रपति रामचन्द्र पौडेलसँग अनुरोध गरेका छन् ।

उनीहरुले बिहीबार शीतल निवासमा राष्ट्रपति पौडेललाई भेटेर ज्ञापन पत्र समेत बुझाएका छन् । उनीहरुले दलरहरुसँग अनावश्यक प्रतिशोध नसाँध्न पनि अनुरोध गरेका छन् । यदी यस्तो गरिए अनावश्यक तनाव सिर्जना हुने उनीहरूको ठहर छ ।

'लोकतन्त्रको आधारस्तम्भ आम नागरिक र राजनीतिक दलहरु भएकाले उनीहरुको भूमिकालाई न्यूनीकरण गर्ने, दलका विरुद्धमा प्रतिशोध साध्ने र संवैधानिक सरचनाहरुलाई असंवैधानिक ढंगले खुम्च्याउने वा चलाउने कार्य भएमा अर्को द्वन्द्व र तनाव सिर्जना भई अन्तरिम सरकार आफ्नो मूल दायित्वबाट च्यूत हुन सक्ने छ ।'-उनीहरुले भनेका छन् ।

भेटमा संलग्न वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईका अनुसार राष्ट्रपति पौडेलले असाधारण परिस्थितिमा आफूले भूमिका खेलेको बताएका थिए ।

'हामीले छ महिनाभित्र चुनाव गर्न जसरी पनि वातावरण बनाउनुपर्छ भनेर हामीले भनेका छौं,' भट्टराईले भने-'अनावश्यक अध्यादेशहरु आउन सक्छन् त्यसमा पनि सचेत रहनका लागि राष्ट्रपतिको ध्यानाकर्षण गराएका छौं ।'

आन्दोलनकारीहरुको मागअनुसार सुशीला कार्की प्रधानमन्त्री बनिसकेकाले अब सरकारले जेनजी आन्दोलनकारीहरु, दलहरु र नागरिक समाजसँग समन्व्यात्मक ढंगले काम गर्न सक्नु पर्ने उनीहरुको धारणा थियो ।

'त्यस्तो समन्वय गर्न, आपसी समझदारी बढाउन र विश्वासको वातावरण बनाउनमा यत्तिबेला ढंगले काम गर्न सम्माननीय राष्ट्रपतिज्यूको महत्वपूर्ण योगदान हुनेछ,' उनीहरुले भनेका छन्-'त्यस प्रकारको वातावरण निर्माण गर्न राष्ट्रियसभाको जिम्मेवारीपूर्ण परिचालन पनि एउटा संविधान-सम्मत कदम हुनेछ भन्ने हाम्रो मान्यता रहेको छ ।'

उनीहरुले राजनैतिक दलहरुलाई पनि अहिलेको सच्चाइलाई बोध गर्दै शान्तिपूर्ण राजनीतिक संक्रमणमार्फत् लोकतन्त्रलाई सुदृढ गर्न र युवाहरुका न्यायोचित आकांक्षाहरु पूरा गर्न संवेदनशील हुँदै प्रतिनिधिसभाको चुनाव सफल बनाउन अनुरोध गरेका छन् ।

उनीहरुले विषम र असाधारण राजनीतिक संकटको बेला राष्ट्रपतिज्यूले यथासक्य संविधानको रक्षा गर्दै देशलाई अराजकताको दिशातर्फ जानबाट रोकी दलहरूको समेत सहमतिमा अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गर्न खेलेको भूमिका सराहनीय रहेको भन्दै उनीहरुले प्रशंसा पनि व्यक्त गरेका छन् ।

अन्तरिम प्रधानमन्त्रीको सिफारिसमा संसद् विघटन गरिनु संविधानसम्मत नभएको र उक्त कदमले अन्तरिम सरकार र दलहरुबिच दूरी बढाएको मात्र होइन, संविधानको रक्षामा उभिएका पेसागत संघसंस्थाहरुको आस्थामा पनि आघात पुगेको पनि उनीहरुले उल्लेख गरेका छन् ।

'जे जस्तो परिस्थितिमा पनि चुनावको मिति समेत निर्धारित भइसकेको अवस्थामा संविधानका केही धारामा लागेको यो ग्रहण अस्थायी होस् भन्ने हाम्रो चाहना र कासना रहेको छ', उनीहरुले भनेका छन्-'उपरोक्त विकसित, घटनाक्रमबाट उत्पन्न विशेष परिस्थितिमा राजनीतिक दल, जेनजी आन्दोलनकारी र नागरिक समाज सबैले चुनाव सम्पन्न गर्न, सहयोग गर्दै संवैधानिक व्यवस्थालाई यथावत रुपमा क्रियाशील गराउनु सबै नेपालीको दायित्व हुन' पुगेको छ ।'

नागरिक अगुवाहरू महेशकुमार मास्के, मल्ल के. सुन्दर, परशुराम तामाङ, रत्नसंसार श्रेष्ठ. कुन्दन अर्याल, जगत देउजा, टीकाराम भट्टराई,कनकमणि दिक्षित, चण्डेश्वर श्रेष्ठ, राजेन्द्र महर्जन, गीता त्रिपाठी, बिन्दु शर्मा, शरद वन्त, सुशील प्याकुरेलले बिहीबार राष्ट्रपति पौडेललाई भेटेका थिए ।

## अध्यादेश ल्याएर नयाँ मतदाता नामावली संकलन गरिने



बुटवल । गृह तथा कानुनमन्त्री ओमप्रकाश अर्यालले सरकारले अध्यादेशमार्फत् निर्वाचन कानुन संशोधन गरेर नयाँ मतदाता नामावली संकलन गर्ने भएको छ । गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित पदाधिकारीसँगको छलफलमा आयोगको सहयोग मागेका हुन् ।

गृहमन्त्री अर्यालले जेनजीहरूको विद्रोहबाट नयाँ सरकार र नयाँ निर्वाचनको अवस्था सिर्जना भएको भन्दै उनीहरूलाई बाहिर राखेर निर्वाचन गर्न नसकिने बताए । उनले १८ वर्ष उमेर पुगेका र मतदाता नामावलीमा नरहेका जेनजीहरूको माग बमोजिम उनीहरूको मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक कानुन संशोधन आवश्यक रहेको जनाए ।

विद्यमान कानुनले निर्वाचनको मिति घोषणा भएपछि मतदाता थप्न नमिल्ने भएकाले आयोगले कानुन संशोधनका लागि प्रस्ताव ल्याउन आग्रह गरे । कार्यवाहक प्रमुख आयुक्त भण्डारीले अहिले विषम परिस्थितिमा निर्वाचनको अवस्था आएकाले परिवर्तनको माग बमोजिम आवश्यक कानुन संशोधन गरेर सबैको अधिकार सुनिश्चित गर्न आयोग बाधक नबन्ने बताए ।

विदेशमा रहेका नेपालीहरूले पनि मतदान गर्न पाउनुपर्ने सर्वोच्च अदालतको आदेशलाई यसपटक सम्भव बनाउन आफू लाग्ने बताएका छन् ।

निर्वाचन आयोगमा बिहीबार भएको छलफलमा भाग लिने क्रममा उनले यस्तो बताएका हुन् । समानुपातिक निर्वाचन प्रणालीमा भए पनि मतदान गर्न पाउनुपर्ने माग बढेको उल्लेख गर्दै उनले यसलाई सम्भव बनाउनुपर्ने जनाए ।

'विदेशमा रहेका नेपालीले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत भए पनि मतदान गर्न पाउनैपर्छ भन्ने छ । सर्वोच्चले आदेश दिएको पनि धेरै भयो । यसलाई सम्भव बनाउनैपर्छ,' गृहमन्त्री अर्यालले भने-'सकेसम्म सबैलाई समेट्ने मेरो प्रयास हो । कुनै देशमा प्राविधिक समस्या छ भने पनि जहाँ जहाँ सकिन्छ सम्भव बनाउने मेरो प्रयास हो ।'

» बाँकी ३ पेजमा

## प्रधानमन्त्री-मोदी टेलिफोन वार्ता



बुटवल । अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबिच टेलिफोन वार्ता भएको छ ।

त्यसक्रममा मोदीले नेपालमा शान्ति र स्थायित्व कायम गर्न कार्की नेतृत्वको सरकारलाई भारतले निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । यो जानकारी मोदी आफैँले एक्समार्फत् दिएका हुन् ।

'शान्ति तथा स्थिरता कायम गर्न उहाँले गरिरहेको प्रयासप्रति भारतको अटल समर्थन पुनः व्यक्त गरैं ।'- उनले लेखेका छन् ।

यसअघि सुशीला कार्की प्रधानमन्त्री बनेलगत्तै मोदीले बधाई दिइसकेका थिए । बिहीबार भने टेलिफोन वार्ता भएको हो । कुराकानी आत्मीय भएको मोदीले उल्लेख गरेका छन् ।

मोदीले प्रधानमन्त्री कार्कीसँगको कुराकानीमा जेनजी युवा आन्दोलनमा भएको क्षतिप्रति दुःख व्यक्त गर्दै मृतकका परिवारमा समवेदना पनि प्रकट गरेका थिए ।

'नेपालको अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीसँग आत्मीय कुराकानी भयो । हालैको दुःखद घटनामा ज्यान गुमाउनेप्रति हार्दिक समवेदना व्यक्त गरैं ।'- मोदीले लेखेका छन् ।

उनले असोज ३ गतेको नेपालको संविधान दिवस एवं राष्ट्रिय दिवसको अवसरमा सम्पूर्ण नेपालीलाई शुभकामना समेत दिएका छन् ।

## नेपाललाई सहयोग गर्छौं : चीन



बुटवल । प्रधानमन्त्री सुशीला कार्कीसँग चिनियाँ राजदूत छन् सोङले भेटवार्ता गरेका छन् ।

प्रधानमन्त्री कार्यालयमा बिहीबार दिउँसो भएको भेटमा राजदूत सोङले नेपाललाई चीनले सधैँ सयहोग गर्ने बताएका थिए ।

परराष्ट्र मन्त्रालयका अनुसार असल छिमेकीका नाताले चीनले नेपालका जनताको चाहानालाई सम्मान गर्ने भन्दै सरकारलाई आवश्यक परेको सहयोग गर्न चीन तत्पर रहेको राजदूतले बताएका थिए ।

'नेपाली जनताको चाहानालाई हामी सम्मान गर्छौं,' राजदूत सोङले भनेका थिए-'आगामी दिनमा पनि सहयोग गर्छौं । सरकारलाई के आवश्यक पर्छ असल छिमेकीको नाताले हामी सहयोग गर्न तत्पर छौं ।'

कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएपछि चिनियाँ राजदूतले भेटेको यो पहिलो पटक हो ।

## 'देउवा, ओली र प्रचण्डले राजीनामा दिनुपर्छ'

बुटवल । वरिष्ठ राजनीतिक विश्लेषक पुरञ्जन आचार्यले ठूला राजनीतिक दलका शीर्ष नेताहरूकै कारण लोकतन्त्र असफल भएकाले उनीहरूले राजीनामा दिनुपर्ने बताएका छन् ।

उनले ठूला राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको नेतृत्व गरिरहेकै नेताहरू असफल भएका आन्दोलनबाट पुष्टि भइसकेको तर्क गरे ।

» बाँकी ३ पेजमा

# विमानस्थलहरूको भ्रष्टाचारको छानबिन माग गर्दै निवेदन दर्ता



टिआर शर्मा

*बुटवल*

पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रियसहित अन्य घरेलु विमानस्थल निर्माणमा भ्रष्टाचार भएको आरोपसहित छानबिन र कारबाहीको माग गर्दै प्रधानमन्त्री कार्यालय सिंहदरबारमा निवेदन दर्ता भएको छ । अन्तरिम सरकारको प्रधानमन्त्रीमा सुशीला कार्की नियुक्त भएपछि भदौ ३० गते जेन जेड-नागरिक उड्डयन प्राधिकरणकातर्फबाट दायर निवदेनको दर्ता नं. १ रहेको छ । निवेदनमा विमानस्थलहरु निर्माणमा नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीको संलग्नता रहेको आरोप लगाउँदै उनलाई कारबाही गर्न माग गरिएको छ ।

निवेदनमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा मात्रै १८ अर्बभन्दा बढी र गौतमबुद्ध विमानस्थल भैरहवाको मुआब्जा वितरणमा १२ अर्ब रकम भ्रष्टाचार भएको दाबी गरिएको छ । गौतमबुद्ध विमानस्थलका लागि पटक-पटक गरेर ४ सय ५२ बिघा जग्गा अधिग्रहण गरी साढे २२ अर्ब ६८ करोड रुपैयाँ मुआब्जा वितरण गरिएको थियो ।

त्यस्तै निवेदनमा प्राधिकरणका उच्च अधिकारीहरूले विदेश भ्रमणका नाममा करोडौँ खर्च गर्ने, आफ्ना परिवारका सदस्यलाई गैरकानुनी सुविधा दिने, भिसा र पासपोर्ट व्यवस्थापनमा समेत अनियमितता गर्ने गरेको आरोप समावेश छ ।

महानिर्देशक अधिकारीमाथि ३५ अर्ब ऋण लिएर विमानस्थल निर्माण गरेको तर अन्तर्राष्ट्रिय उडान नभएको, राजेन्द्र लिङ्देन नेतृत्वको छानबिन समितिले भ्रष्टाचार भएको ठहर गर्दै तत्कालिन सरकार, अख्यिार दुरुपयोग अनुसन्धान आयोगलाई कारबाहीका लागि निर्देशन दिएकोमा अधिकारीमाथि कारबाही नभएको निवेदनमा उल्लेख छ । महानिर्देशक अधिकारीले भ्रष्टाचार गर्नका लागि विमानस्थल र हेलिपोर्ट निर्माण गरेकाले उडान हुन नसकेको आरोप निवेदनमा लगाइएको छ ।

२० करोडमा बनेको मनाङ विमानस्थल र २८ करोडमा बनेको डोल्पाको मसिनेचौर विमानस्थलमा जहाज नै ल्याण्ड गर्न नसक्ने, २५ करोड खर्च गरेर भक्तपुरको नलिञ्चोकमा बनेको हेलिपोर्ट मानव बस्तीको बिचमा भएको कारणले व्यवसायिक रुपमा हेलिकोप्टर उडान नमिल्ने, निजगढ अन्तर्राष्ट्रिय विमानस्थलमा काम नै नगरेर ४० करोडभन्दा बढी भ्रष्टाचार भएको आरोप निवेदनमा लगाइएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विभिन्न ठेक्कामा ५ अर्बभन्दा बढीको भ्रष्टाचार भएको दाबी छ । भ्रष्टाचारका कारण नाफामा रहेको प्राधिकरण घाटामा गएर टाट पल्टिने अवस्थामा पुगेको निवेदनमा उल्लेख छ ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# संविधान जोगाउने संकल्प गरौँ

आज संविधान दिवस । नागरिकले चुनेका प्रतिनिधि रहेको संविधानसभाले संविधान बनाएको दश वर्ष पुगेको छ । संविधान कार्यान्वयनको दशक पुग्दा अहिले संविधान घाइते भएको छ । संवैधानिक प्रक्रिया मिचेर राष्ट्रपति रामचन्द्र पौडेलले गरेको सरकार गठनलाई लिएर चौतर्फी आलोचना भएको छ।

नेपाली जनताले लामो समयदेखि गर्दै आएको एकताबद्ध संघर्षबाट वंश परम्परामा आधारित सामन्ती राजतन्त्रको अन्त्य गरी लोकतान्त्रिक शासन व्यवस्था स्थापना भएको हो । लामो संघर्षबाट प्राप्त लोकतान्त्रिक शासन प्रणालीलाई संविधानले संस्थागत गरेको हो । नयाँ संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई विधिवत रुपमा संस्थागत गर्दै नागरिकका आकांक्षा पूरा गर्ने ढोका खोलेको छ। संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीकरण र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरी संविधानले सबै तह तप्का, वर्ग र क्षेत्रका नागरिकको हक अधिकार स्थापित गरेको छ। संघीय लोकतान्त्रिक गणतन्त्र शासन प्रणालीका रुपमा मात्र नभई नागरिकको जीवनपद्धति र शैलीका रुपमा स्थापित गर्दै अघि बढ्दा अहिले युवा विद्रोहका माग पूरा गर्न अन्तरिम सरकार गठन भएको छ। यो सरकार संसदबाट गठन भएको हो। विद्रोहलाई व्यवस्थापन गर्न राष्ट्रपति पौडेलले जुन प्रक्रिया अघि सारे, त्यो अस्वभाविक कदम र प्रक्रियालाई सही मार्गमा ल्याउने काम तोकिएको मितिमा चुनाव गर्दा मात्रै सम्भव छ। बाटो बिराएको संविधान कार्यान्वयनलाई सही बाटोमा ल्याउन सरकार जति जिम्मेवार हुनुपर्छ, दलहरु पनि उत्तिकै जिम्मेवार हुन आवश्यक छ।

संघीय लोकतान्त्रिक गणतन्त्र नागरिकको जीवनपद्धती र शैलीका रुपमा स्थापित गर्न हामी सबैको साझा संकल्प हुनुपर्छ। कार्यान्वयन हुँदै जाँदा सबै पक्षबाट स्वीकार्य पूर्ण सहमतिको दस्ताबेजको रुपमा संविधान स्थापित भएको छ।

अहिले व्यवस्था फेरियो, तर अवस्था फेरिएन भनेर चुलिएको असन्तुष्टिलाई संविधानको सही कार्यान्वयनबाट व्यवस्थापन गर्न सकिन्छ । आज नै नागरिकको अवस्था बदल्ने संकल्प गरौं। शासन प्रणालीलाई संस्थागत गर्दै उद्योगधन्दाको विकास, रोजगारी श्रृजना र युवा जनशक्तिलाई देशमै केही गरेर बस्न सक्ने बनाउन साझा संकल्प गरौँ । युवा विद्रोहपछि संविधानमाथि प्रहारको श्रृखंला सुरु भएको छ। लोकतान्त्रिक प्रणालीलाई जीवन्त राख्न राजनैतिक दल र युवापंक्तिको खबरदारीको खाँचो छ।

अन्त्यमा, संविधान दिवसको अवसरमा सबैमा शुभकामना !

# लगातार नकारात्मक सर्किट लागेपछि शेयर कारोबार स्थगित



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार छ प्रतिशतले ओरोलो लागेपछि बजार बन्द भएको छ।

कारोबार सुरु भएलगत्तै बजार ओरालो लाग्न थालेको थियो । बजार खुलेको दुई मिनेटमै नेप्से परिसूचक चार प्रतिशतले ओरालो लागेको थियो । बजारमा छोटो समयमा नकारात्मक सर्किट लागेको थियो। नेपाल स्टक एक्सेचञ्ज लिमिटेडले बजार २० मिनेट बन्द गरेर पुनः खोलेपछि ११ः २३ मा पुनः दोस्रो सर्किट लाग्यो।

त्यसबेला बजार पाँच प्रतिशतले ओरालो लागेको थियो। दोस्रो सर्किट लागेपछि पुनः ४० मिनेट कारोबार बन्द गरियो। पुनः नेप्सेले १२ः०४ मा बजार खुला गर्दा नेप्से परिसूचक छ प्रतिशतले ओरालो लाग्यो । तेस्रो सर्किट लागेसँगै कारोबार बन्द भएको हो।

नेप्सेको अनुसार नेप्से परिसूचक १६० दशमलव ३३ अङ्कले ओरालो लागेर दुई हजार पाँच सय ११ दशमलव ९१ मा सीमित भएको छ। सीमित समयमा कूल ७२ करोड ८७ लाख दुई हजार ८३० बराबरको कारोबार भएको छ । भदौ २३ र २४ को विषम परिस्थितिका कारण बन्द भएको बजार बिहीबार खुलेको थियो।

# जेन–जी आन्दोलनले ल्याएको हलचल र यसको निकास



**विन बहादुर कुँवर**




अहिले केपी ओली नेतृत्वको संयुक्त सरकारलाई अपदस्त गरी अर्को जेन-जी नयाँ युवा विद्रोहको जगमा नयाँ सरकार घोषणा गरिएको छ । यसको नेतृत्व पूर्व प्रधानन्यायधिश सुशीला कार्कीले गर्दैछन् । यही भाद्र २३ र २४ मा भएको यो विद्रोहमा अहिलेसम्म ज्यान ७३ जनाको ज्यान गइसकेको छ भने हजारभन्दा बढी घाइते भएका छन् । सर्वप्रथम यी सबै मृतकप्रति हार्दिक श्रद्धाञ्जली साथै घाइते सबैमा स्वास्थ्य लाभको कामना। विद्रोह गर्ने जनताको अधिकार हो यसलाई कसैले पनि चुनौती गर्न सक्दैन। नेपालमा पनि पटकपटक थुप्रै विद्रोह हुँदै आएको छ। अहिलेको यो विद्रोहले दुनियाँलाई चकित पारेको छ। सम्भवतः यो विश्वमा सबभन्दा कम दिन र समयमा भएको विद्रोहको पहिलो नयाँ रेकड नै हो। अर्को नेपालमा प्रथम पटक महिला नेतृत्वमा पहिलो नयाँ सरकार बनाइएको छ। यस अर्थमा यसको बढी चर्चा र महत्व देखिनु स्वाभाविक नै छ।

नेपालमा यस्ता विद्रोह धेरै भए र यस्ता नयाँ सरकार पनि बनाइए । ती सबैले सुरुसुरुमा केही सकारात्मक काम गरे पनि धेरै दिन टिक्न सकेका छैनन् । २००७ सालको विद्रोहलाई २०१७ सालमा अनि २०४५/०४६ सालको जनआन्दोलनको उपलब्धिलाई २०६० सालमा अपदस्तमा पारिएको थियो। यी दुईभन्दा अलि फरक यो विद्रोहमा देखिएको छ। पहिलो दुईमा पुनर्रुत्थान अर्थात् सामन्ती र निरंकुश दरबारियाहरुद्वारा नै प्रतिक्रान्तिमा बदलिएको थियो भने अहिलेको परिवर्तन विद्रोही जेनजी युवाहरुद्वारा अपदस्थ गरिएको छ। यस अर्थमा पहिलेको जस्तै यो नभएर केही नयाँ सकारात्मक र अग्रगमन हो भन्न सकिन्छ। तै पनि यसमा पनि केही शंका गर्ने ठाउँ प्रशस्तै छ। पहिलो कुरा विद्रोह हो हत्या, हिंसा, तोडफोड



र आगजनी सबै हुन्छ। तर यसमा स्वयं जेनजीहरुले नै भने बमोजिम बाहिरी घुसपैठ बढी भयो। जसको कारण यो बढी क्षति भयो । अब जेनजीहरुले नै भन्नु पर्‍यो त्यो घुसपैठ कसले र कोबाट अनि कुन उद्देश्यका साथ गराइएको थियो ? प्रष्ट पारी ती सबैलाई कारबाहीको प्रक्रिया अघि बढाउनु पर्‍यो।

हुनतः जेनजीहरुको पहल कदमीमा नयाँ नागरिक सरकार अर्थात् प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा सरकार बनिसकेको छ । अब यो सबै जिम्मेवारी यही सरकारको नै हो। सर्व प्रथम विद्रोही र मृतक सबै जेनजी युवाहरुलाई यो राज्यद्वारा नै सहिद घोषणा गरी त्यही अनुरुप राज्यले बढीभन्दा बढी राहत क्षतिपूर्ति तत्काल दिईहाल्नु पर्‍यो । साथै घाइते सबैको निःशुल्क उचित औषधि उपचार अनि उनीहरुको जीवनयापनका लागि आर्थिक सहयोग उपलब्ध गराइ हाल्नु पर्‍यो। यसको सुरुवात पनि भइसकेको छ। सहिद घोषणा र तत्कालका लागि केही आर्थिक सहयोग रकम पनि यो सरकारले निर्णय गरिसकेको छ। अब गर्नुपर्ने तत्काल क्षतिपूर्ति मात्र होइन मृतकलाई परिवारलाई आजीवन पेन्सन र घाइते युवाहरुलाई स्थायी उचित आजीवन पेन्सनको व्यवस्था गर्नुपर्दछ।

अब तत्काल यो सरकारले गर्ने अरु केही राजनीतिक, आर्थिक, सामाजिक निर्णयहरुबारे केही चर्चा गरौं। जेनजी युवाहरुको यो विद्रोहका पछाडि मूलतः यो सिंगो राज्य व्यवस्थाकै अन्त्य र नयाँ उन्नत राजनीतिक, आर्थिक र सामाजिक राज्य व्यवस्थाको थालनी गर्ने थियो । तर अहिले त्यो सम्भव भएन र हुने पनि स्थिति थिएन। केही विदेशी साम्रराज्यवादी र विस्तारवादी नेपाली दलालहरुले अहिले नै यसैको अर्थात् जेनजी यो विद्रोहको नाममा नेपाललाई युक्रेन अनि पहिलेको अफगानिस्तान बनाउने षड्यन्त्र र चालबाजी निरन्तर भइरहेका छन् । सर्वप्रथम यसलाई जेनजीहरुले बुझ्नु पर्‍यो। त्यही अनुरुप वर्तमान सरकार प्रमुख प्रम सुशीला कार्कीले पनि बुझ्नु पर्‍यो । त्यसपछि यो सरकारले तत्काल गर्ने र गर्न जेनजी समूह र वर्तमान सरकारले गर्ने भनेको निम्न केही महत्वपूर्ण कुराहरु अघि सार्न चाहान्छु।

१.तत्काल मृतक सबैलाई सहिद घोषणा गरी उचित क्षतिपूर्ति देउ। यो पनि भइसकेको पनि छ।

२. पूर्व प्र.म. केपी ओली र गृहमन्त्री रमेश लेखकलाई राज्यले तत्काल गिरफ्तार गरी यसका लागि फौजदारी मुद्दा चलाऊ।

३. गोली चलाउन आदेश दिने प्र.जि.अ. अनि कार्यान्वयन गर्ने प्रहरी आइजीपीलाई तत्काल निलम्बित गरी त्यसमा खटिएका प्रहरी अधिकृतहरुलाई समेत निलम्बित गरी कारबाही गर।

४. उक्त देशव्यापी भएको हत्या, हिंसा, तोडफोड र आगजनीको बारेमा एउटा उच्चस्तरीय न्यायिक आयोग तत्काल निर्माण गरी एक महिना भित्रमा छानविन गरी रिपोर्ट पेश गर्न लगाई उचित क्षतिपूर्ति र पुनर्निर्माणको व्यवस्था गर।

५. यति ठूलो तोडफोड, लुटपाट र आगजनी भइरहँदा पनि रमिता हेरी बस्ने नेपाली सेनाप्रति पनि स्पष्टीकरण, सोधपुछ र निगरानी बढाऊ।

यो वर्तमान सरकार निर्माणको पहिलो जग नै जेनजी विद्रोह र यसैको आड-भरोसा नै मुख्य भएकाले यसलाई मजबूत पार्न तत्काल केही नयाँ विशेष निर्णय हाल्नुपर्दछ।

१. व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका भंग गर्ने र नयाँ निर्माण गर्नु पर्दछ।

२. त्यस्तै अरु संवैधानिक निकायहरु पनि भंग गरी नयाँ निर्माणमा लाग्नुपर्दछ।

३. सेना, पुलिस सशस्त्र गुप्तचर र प्रशासन सबैको भंग गरी पुनर्निर्माण गर्नुपर्दछ।

४. यसभन्दा पहिलेका सबै विदेशी कुटनीतिक निकायका राजदूत सबैलाई फिर्ता गरी नयाँ बनाई पठाऊ।

यो वर्तमान जेनजी विद्रोहको मूल नारा नै शान्ति-सुशासन र भ्रष्टचार विरोधी भएकाले यसका लागि एउटा अर्को उच्चस्तरीय छानबिन आयोग बनाई हिजो पञ्चायती कालदेखि अहिलेसम्म देशमा जेजति यस्ता भ्रष्टाचारजन्य काण्ड हुँदै आएका छन् ती सबैको छानबिन गरी एउटा रिपोर्ट पेश गर्न लगाऊ। यसमा दल नेता अनि सेना, पुलिस, कर्मचारी, व्यक्ति विरोध सबैलाई समेट।

नेका सभापति देउवा अनि माओवादी अध्यक्ष प्रचण्ड र पूर्व प्रम ओली यी सबैको अवैध सम्पत्ति र कालोधन विद्रोही युवाहरुले सार्वजनिक गरिसकेका छन् । यसैलाई आधार बनाएर यी सबैमाथि तत्काल मुद्दा चलाई छानबिन गरिहाल।

यही विद्रोहलाई कारण बनाई सुरुमा रवि लामिछाने र पछि क्रमशः देशमा थुप्रै जेलबाट अपराधी कैदी बन्दीहरुलाई भगाइएको छ। त्यसैले तत्काल यी सबै कैदी बन्दीहरुलाई पुनःजेल फर्किन कडा निर्देशन जारी गर त्यो नगरे कडा कारबाही गरिने बताऊ। साथै यसको पनि एउटा छानविन आयोग बनाऊ र रवि लामिछानेलगायत यस्तै धेरै केदीहरुमाथि छानबिन अघि बढाऊ । नक्कली किर्ते कागज पत्र तयार गरी बाहिरिएको भन्ने रवि लामिछानेको विषयमा अझ छुट्टै छानबिन गरी कारबाही अघि बढाऊ।

जेनजी विद्रोहहरुको मूल माग र उद्देश्य त वर्तमान यो राज्य व्यवस्थाकै अन्य र नयाँ निर्माणको हो। तत्काल यो सम्भव नभए पनि हालका लागि प्रतिनिधिसभा भंग भएको छ । नयाँ निर्माणको प्रक्रियामा छ । त्यस्तै अब तत्काल संघीय प्रदेश, प्रदेशसभा र प्रदेश सरकार खारेजीको घोषणा गर । त्यसले गर्ने सबै काम अधिकार र जिम्मेवारी केही केन्द्रीय सरकारमा भने केही स्थानीय सरकारलाई जिम्मा लगाऊ । साथै जनप्रतिनिधि स्थानीय सरकारको पनि खारेज गरी केन्द्रमा जस्तै स्थानीय नागरिक प्रतिनिधित्व हुने गरी नयाँ स्थानीय निकायको पुनर्निर्माण गराऊ।

शिक्षा, स्वास्थ्य र कृषिमा पनि तत्काल केही नयाँ निर्णय गरी जनतालाई राहत दिन सक्नु पर्दछ । शिक्षा माध्यमिक लेवलसम्म निःशुल्क र प्राथमिक लेवलसम्म निःशुल्क र अनिवार्य गर्नुपर्दछ। त्यस्तै स्वास्थ्य निःशुल्क औषधि उपचार हुनु पर्दछ। कृषिमा सामन्ती भूस्वामित्व खारेज गरी उपयोगमा नआएका जग्गा जमिन सबै कब्जा गरी सामूहिक कृषि खेती प्रणाली लागू गर्नु पर्दछ । यसमा जग्गा कसको जोत्नेको घर कसको पोत्नेको नीति अवलम्बन गर्नुपर्ने हुन्छ। सरकारी कलकारखाना सबै पुनः संचालन गरी त्यहाँ पनि सामूहिक उत्पादन प्रणाली लागू गर्नु पर्दछ । सामन्ती दलाल र नोकरशाही बुर्जुवाहरुको सब सम्पत्ति कब्जा गरी त्यसमा पनि सामूहिक उत्पादन प्रणाली लागू गरी सामूहिक औद्योगिक प्रणालीको विकास गर्नु पर्दछ। यी सब काम पछि वैदेशिक रोजगारीमा गएका सब नेपालीहरुलाई देश फर्कन आह्वान गर्नु पर्दछ। साथै विदेश जाने यो परम्परालाई क्रमशः हटाउँदै जार्नु पर्दछ।

अब यो सबै देशमा हुन्छ कि हुन्न ? त्यो आफ्नो ठाउँमा छ। अहिले तत्काल यो नभए पनि भविष्यमा यो भएर नै छाड्ने छ। जेनजी विद्रोहबाट बनेको यो सरकार भएकाले यी सब काम गर्ने अधिकार यसले राख्दछ । तर पुरै दिनको झलक बिहानीले देखाउँछ भने जस्तै यो सरकारको झलक पनि सुरुमै नबन्दै देख्न थालिसकिएको छ । सुशीला कार्की प्रधानमन्त्री नबन्दै भारतीय प्रम मोदीको समर्थन र आशीर्वादका लागि बिन्तीभाउ गर्ने गरेको अन्तरर्वार्ता आएको छ। अझ गम्भीर कुरा के छ भने तिब्बती भगौडा दलाई लामाले समेत प्रम सुशीला कार्कीलाई दिएको बधाई र यो आन्दोलनमा केही फ्री तिब्बत अभियान्ताहरु पनि रहेकोले यो आन्दोलन र सरकार कतै चीन विरोधी बन्ने त होइन ? गम्भीर भएर सोच्नुपर्ने यहाँ छ। देशको राष्ट्रियता र स्वाभिमानप्रति आँखा चिम्लिएर खाली भ्रष्टाचार र सुशासनको कुराले देश विकास हुन सक्दैन । बरु देश युक्रेन बन्ने पो हो कि खतरा यहाँ छ। यो भाद्र २४ पछिको एक दुई दिन लगभग यस्तै बन्दै पो छ कि भन्ने भान भइसकेको थियो । केही पश्चिमा दलालहरुले यो आन्दोलनलाई चीन लगायतका केही दूताबासहरुमा समेत तोडफोड गर्न लगाउने षड्यन्त्र भइरहेको पनि अनुमान रहेको थियो । यो संकेत पाएको चीनले तत्काल वक्तव्य जारी गरी यो सब बुझेको र त्यसका लागि आफू तम्तयार भई बसेको बताएको थियो । त्यस्तै भारतले त नेपाली सेनालाई शान्ति सुरक्षाको लागि भारतीय सेना बोलाउन दबाब दिइरहेको चर्चा बाहिर आइसकेको थियो। नेपालका मुख्य मुख्य नाकामा भारतीय सेना समेत तैनाथ गरी राखिएको हल्ला चलिरहेकै थियो।

एकातिर सैनिक मुख्य हेडक्वाटरभित्र बसी विद्रोही गर्न छलफल र वार्ता गर्ने अर्कोतिर भारत, चीन र अमेरिका समेतको निगरानीबिच भइरहेको चलखेलले एकातिर जेनजी विद्रोहको नाममा सैनिक संकट काल लगाई लोकतन्त्रमाथि ठूलो हमला हुँदै थियो भने अर्कोतिर भारत-चीन र अमेरिका समेतको त्रिपक्षीय द्वन्द्वले देशलाई युक्रेन बन्ने सम्भावना देखिन थालेको थियो । तर पछि एकाएक स्थिति अलि बदलियो बहुपक्षीय वार्ता सैनिक हेडक्वाटरबाट राष्ट्रपति कार्यालयमा सारियो र जस्तो भए पनि यही पुरानै संविधानअन्तर्गत यो सरकार बनेको छ। तै पनि स्थिति अझै पनि चिन्ताजनक नै छ। भारतीय अतिक्रमण नेपालको चुच्चे नक्सा र त्यससँग समेटिएका कालापानी, लिपुलेक र लिम्पियाधुराको चर्चा खोई ? अमेरिकी परियोजना एमसीसीको विरोध भएको खोई ? खाली एकतर्फी भ्रष्टाचार र सुशासन अनि केही दलीय नेताहरुको मात्रै विरोध र आक्रमणले मात्रै देश बन्दैन । देशको राष्ट्रियता र स्वाभिमान विनाको आन्दोलनले मात्रै देश र जनताको हित पनि हुन सक्दैन। विश्व साम्राराज्यवाद र विस्तारवादको गोटी भई भित्रभित्रै राष्ट्रघाती खेल खेल्ने दलालहरुको पोल खोल्नै पर्दछ। जेनजी युवाहरुलाई यस्तो आन्दोलनमा धकेल्ने तर आफू भित्रभित्रै लुकी बस्ने वा यसबाट भाग्नेहरुसित समेत सचेत हुनैपर्दछ। यो आन्दोलनको दिशा अग्रगमन नै हो र हुनु पर्दछ । देशको राष्ट्रियता जनतन्त्र र जनजीविकासँग जोडिएको साम्राराज्यवाद र विस्तारवाद अनि सामन्ती, दलाल र नोकरशाही पुँजीवाद विरोधी जनगणतन्त्र नै यसको अग्रगमनकारी सही निकास हो।

अन्त्यमा रुसमा लेनिन स्टालिनको नेतृत्वमा सन् १९१७ मा अक्टुबर क्रान्ति यस्तै विद्रोहबाट सफल भएको थियो। त्यसमा तत्काल भए गरेका सबै विद्रोहको घटनाक्रमलाई समेटी एक रुसी लेखकले (संसार हल्याउने १० दिन) भन्ने एउटा पुस्तक लेखेका थिए- उक्त पुस्तक खोजी सबैले पढ्नु र पढाउनु आवश्यक छ अहिले । स्वयं हालका प्रधानमन्त्री सुशीला कार्की र उनका सबै मन्त्रीहरुले साथै जेनजी विद्रोही युवाहरुले पनि त्यो पढ्नु र पढाउनु पर्ने आवश्यक छ। 'संसार हामी सबैको हो । तर यो मुख्य त युवाहरुकै हो' भन्ने क. माओको उक्तिलाई मनन गर्दै नेपालमा पनि यो जेनजी युवाहरुको समर्थन गर्नु र यसैगरी देश र जनताको पक्षमा अझै पनि विद्रोहको ज्वाला दन्काउँदै अघि बढ्नु पर्दछ।



**भेडाका बथान:**
दसैं, तिहार नजिकिएसँगै मुस्ताङबाट देशका विभिन्न शहरहरुमा बिक्रीको लागि लैजान मुस्ताङको मार्फामा ल्याइएका भेडाका बथान। तस्विरः सुशीलबाबु थकाली /रासस

# इप्पानद्वारा जलविद्युत् कम्पनीका शेयर निष्काशन गर्न माग

बुटवल । धितोपत्र बोर्ड नेपाल (सेबन) ले शेयर निष्काशन गर्न ढिलाइ गर्दा ऊर्जा क्षेत्रका लगानीकर्ताले मात्र रु एक खर्ब आठ अर्ब ५० करोड गुमाएको स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) ले दाबी गरेको छ । आज इप्पानले सेवनलाई पठाएको पत्रमा शेयर निष्काशन गर्न ढिलाइ हुँदा लगानीकर्ताले सो रकम गुमाएको उल्लेख छ । इप्पानका अनुसार विसं २०८० जेठपछि आईपीओ र राइट शेयर निष्काशनमा ढिलाइ गर्दा ९७५ मेगावाट बराबरका आयोजना निर्माण गरिरहेका ४३ वटा आईपीओ र ७ राइट शेयर गरी ५० कम्पनीले निर्माण अघि बढाउन नसक्दा यति धेरै रकम गुमाउनुपरेको हो ।

सेबनलाई पठाएको पत्रमा गरी ५० कम्पनीको समयमै शेयर जारी नहुँदा २३ अर्ब २७ करोड आठ लाख बराबरको निष्काशन हुन नसकेको तथा समयमै जारी नभएको कारण १२ अर्ब ४० करोड ५४ लाखको ब्याज रकम बढेको, २४ अर्ब ३० करोड ६७ लाख लागत बढेको र ७१ अर्ब ७८ करोड ८१ लाख राजस्व आम्दानी गुमाउनु परेको उल्लेख छ।

सेबनमा अध्यक्ष नियुक्ति नभएको तथा कुनै पनि कानुनमा नभएको शेयर निष्काशनका लागि ९० प्रतिशतभन्दा बढी नेटवर्थ हुनुपर्नेलगायतका कारण देखाउँदै सेबनले शेयर निष्काशनमा ढिलाइ गर्दै आएको इप्पानको भनाइ छ। इप्पानले यस अवधिमा १० कम्पनीलाई मात्र आइपीओका लागि सेबनले अनुमति दिएको छ भने ११ कम्पनीलाई राइट शेयरका लागि अनुमति दिएको जानकारी गराएको छ।

इप्पान अध्यक्ष गणेश कार्कीले आईपीओको लागि आवेदन दिएर कुरिरहेको र आवेदकबाट हटाइएका लागि पुनः सहभागी गराई ती कम्पनीको तुरुन्तै आईपीओ जारी गर्न तथा उत्पादनपछिको आईपीओ निष्काशन गर्नुपर्ने बताए। आयोजनाको निर्माणमा धेरै ठूलो रकम लगानी चाहिने तथा धितोपत्र निष्काशनसम्बन्धी नियमावलीले ६० प्रतिशत निर्माण पूरा भएपछि आइपीओको लागि आवेदन दिन सक्ने व्यवस्था गरेको छ।

जलविद्युत् प्रवर्द्धकले आयोजनाको लागत कम गर्नको लागि वित्तीय व्यवस्थापन गर्दा नै आइपीओबाट आउने रकम घटाएर बैंक ऋण लिने व्यवस्था रहेकोले निर्माणाधीन अवस्थामै आइपीओ जारी गर्ने व्यवस्था गर्न पनि इप्पानको माग छ। उनले भने-“ऊर्जा क्षेत्रको लागि निर्माणाधीन अवस्थामै सर्वसाधारणको शेयर जरुरी हुने व्यवस्था गरिएकोमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनको आधारमा भन्दै स्पष्ट कानुनी तथा नीतिगत व्यवस्थाबिनै विद्युत् उत्पादन सुरु नगरेसम्म आईपीओको निवेदन नै नलिने नीति कार्यान्वयन गर्नु गलत र गैरकानुनी भएको छ।”

एक जिम्मेवारी नागरिक र ऊर्जा उत्पादकको नाताले ऊर्जा क्षेत्रलाई जिम्मेवारी र थप उत्तरदायी बनाउनका लागि मिति २०८० साल भदौ २४ गते मा धितोपत्र बोर्ड र इप्पानबीच संस्थागत सुशासन अभिवृद्धि गर्ने, ऊर्जा क्षेत्रलाई अझ व्यवस्थित र मर्यादित बनाउनुका साथै जनताको गुनासा र सरोकारलाई सम्बोधन गर्ने उद्देश्यले १२ बुँदे समझदारी भएको थियो।

पत्रमा भनिएको छ-“तर बत्ती नबलिञ्जेलसम्म शेयरको लकिङ पेरियड नखोलिने, राइट शेयर जारी गर्नका लागि सहयाक कम्पनीले पीपिए र वित्तीय व्यवस्थापन गरिसकेको हुनुपर्ने, आईपीओ जारी गर्नका लागि ६५ प्रतिशत निर्माण पूरा भइसक्नुपर्ने जस्ता संस्थागत सुशासनप्रति इप्पान प्रतिबद्ध रहेको उल्लेख गरिएको छ।”

# कालीगण्डकी करिडोरः २३४ किमी कालोपत्र, ३६ वटा पुल निर्माण



गलकोट । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरको गैँडाकोट-राम्दी-मालढुङ्गा खण्डमा ८० प्रतिशत भौतिक काम भएको छ।

आयोजना सुरु भएको १६ वर्षमा करिडोरअन्तर्गत उक्त खण्डमा पर्ने २९३ किमीमध्ये २३४ किमी सडक कालोपत्र, ३६ वटा पुल निर्माणसम्पन्न भएका छन्भने छवटा पुल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

गैँडाकोट-राम्दी-मालढुङ्गा सडक योजना पाल्पाको तथ्याङ्कअनुसार बागलुङ, गुल्मी, पाल्पा, नवलपुर र कालीगण्डकी लोकमार्ग मिर्मि-सेतीवेनी-फलेवास-अर्मादी-कुश्मा खण्डकको स्याङ्जा र पर्वत जिल्लामा फैलिएको उक्त खण्डमा ८० प्रतिशत भौतिक प्रगति र ७० प्रतिशत वित्तीय प्रगति भएको छ। आयोजना सुरु भएको १६ वर्षमा बाटो खोल्न, स्तरोन्नति, चौडा पार्न, कालोपत्र गर्न र पुलहरु निर्माणका लागि रु १४ अर्ब सात करोड खर्च भएको करिडोर आयोजनाका इञ्जिनियर उत्सव बस्यालले जानकारी दिए।

आर्थिक वर्ष २०६६/६७ मा सुरु गरिएको आयोजना र २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। रु २० अर्ब लागत अनुमान गरिएको उक्त २९३ किमी खण्डमा हालसम्म ७० प्रतिशत रकम खर्च भइसकेको छ।

इञ्जिनियर बस्यालले हालसम्म १४५ किमी सडक सम्पन्न भएर सडक डिभिजन कार्यालयलाई हस्तान्तरण गरिसकिएको जानकारी दिए। उक्त खण्डमा पहिराको ठेक्का व्यवस्थापन, शून्य दशमलव ४२ किमी सडकको ठेक्का व्यवस्थापन र १७ वटा पुल बन्न बाँकी रहेको उनले बताए।

करिडोर गैँडाकोट-राम्दी-मालढुङ्गा खण्ड चार जिल्ला र कालीगण्डकीलोकमार्गमिर्मि-सेतीवेनी-फलेवास-अर्मादी-कुश्मा खण्ड दुई जिल्लामा फैलिएको रहेको छ। करिडोरको नवलपुरमा ७७ दशमलव ९७ किमी, पाल्पामा ८६ दशमलव २७ किमी, गुल्मीमा ४१ दशमलव ०६ किमी, बागलुङमा ३४ दशमलव ७० किमी, स्याङ्जामा १० किमी र पर्वतमा ४३ किमी पर्दछ।

## अध्यादेश...

मतदानको पूर्ण सम्भावना नभएका देशहरूमा राजदूतावासमार्फत् प्रविधिको प्रयोग गरेर मतदानको व्यवस्था गराउनुपर्ने गृहमन्त्री अर्यालको भनाइ थियो।

‘सकिएन भने पनि जहाँ हाम्रो राजदूतावास छ त्यहाँबाट प्रयास गर्नुपर्छ । राज्यले पनि प्रविधिको प्रयोग गरेर युवा पुस्तालाई राजनीतिको मूलधारमा ल्याउने प्रयास गरौं भन्ने छ,’ उनले आयोगमा ब्रिफिङ गर्ने क्रममा भने-‘उहाँहरूलाई हामीले निर्वाचनमा मतदान गर्ने अवसरबाट वञ्चित गर्न हुँदैन। नेपाल सरकारबाट गर्न सक्ने हामीले गर्छौं, मलाई लाग्छ निर्वाचन आयोगले पनि यसमा सहजीकरण गर्नेछ।’

यस्तै गृहमन्त्री अर्यालले प्रहरी प्रधान कार्यालय पुगेर जेनजी आन्दोलनका क्रममा भएका क्षति बारे जानकारी लिएका छन्।

सो क्रममा उनले उच्च मनोबलका साथ राष्ट्र र जनताका हितमा समर्पित हुन प्रहरीलाई निर्देशन दिए।

गृहमन्त्री अर्यालले भने-‘आन्दोलनका क्रममा क्षतिग्रस्त प्रहरी इकाईको पुनःस्थापना र प्रहरी कर्मचारीको मनोबल उच्च राख्नका लागि समुदायले देखाएको सदायताप्रति प्रहरीको आवश्यकता र महत्व पुष्टि भएको छ, तपाईंहरू उच्च मनोबलका साथ जनताको हितमा काम गर्नुस्।’

उनले नेपाल प्रहरीको कार्यक्षेत्रमा भएका कमीकमजोरी सुधार गर्दै अगाडि बढ्नुपर्ने बताए । गृहमन्त्री अर्यालले कानुनबमोजिम आफ्नो कार्यसम्पादन गर्न प्रहरीलाई निर्देशनसमेत दिए।

उनले भने-‘तपाईंहरू कर्तव्यनिष्ठ र संयमित भएर आफ्नो जिम्मेवारी पालनामा लाग्नुहुनेछ भन्ने विश्वास वर्तमान सरकारले लिएको छ, यो सरकार उच्च मनोबलयुक्त प्रहरी कर्मचारीको पक्षमा छ।’

## देउवा...

विश्लेषक आचार्यले नेता र नेतृत्वको विरुद्धमा जनता सडकमा निस्किनु भनेको उनीहरू असफल भएको प्रमाण रहेको बताए।

‘देउवा, ओली र प्रचण्डको नेतृत्वमा लोकतन्त्र असफल भएको छ । उनीहरूको विरुद्धमा जनता सडकमा निस्किए, जसको सरकार हुँदा गोली चलेको छ,’ उनले भने-‘एकातिर कांग्रेस र एमालेले त सरकारको पतनसँगै राजीनामा पनि आफ्नो पार्टीमा सँगसँगै बुझाउनुपर्ने हो।’

उनले थपे-‘आन्दोलनमा टेकेर यत्रो अपराध भएको छ, तोडफोड भएको छ, हत्या भएको छ । उनीहरू राजकाज चलाउन पूर्णरूपमा फेल भए। जेसुकै कारणले होस्। आम जनतको लागि यो सरकार पूर्णरूपमा फेल भयो र जे जस्तो घटना भयो, त्यो उनीहरूको असफलतामा टेकेर भएको हो।’

विश्लेषक आचार्यले सत्ता बाहिर रहेको माओवादी केन्द्रका नेताले पनि यसअघि नै राजीनामा दिनुपर्ने तर्क गरे। ‘दुब्लाएर हात्तीबाट मुसा भइसक्यो, तर पनि पार्टीको नेताले नेतृत्व छोडेका छैनन्। यी तीनजनै नेताहरूले आफ्नो ढंगले जति हामीले गर्‍यौं, अब हामीलाई बिदाबारी दिनुस् भनेर गइसक्नुपर्ने हो,’ उनले भने-‘कार्यकर्ताको चेत खुल्ने हो भने त्यो गर्ने हो। होइन भने दासत्व स्वीकार गरेर बस्ने।’

तीन दलका कार्यकर्ताहरूले शीर्ष नेताहरूलाई सचेतापूर्वक पार्टीबाट बिदाइ गर्नुपर्नेमा उनले जोड दिए।

विश्लेषक आचार्यले जेन-जी पुस्ताले देशको समस्या बुझेर आन्दोलन गरेको पनि बताए । यो आन्दोलन भविष्यउन्मुख रहेको तर्क गर्दै उनले भने-‘यो आन्दोलन भविष्यउन्मुख छ।’

उनले थपे-‘उनीहरूले बिना स्वार्थ त्याग गरेका छन् । किनभने जेन-जीले आन्दोलन गरेर एकथरीलाई लगेर सत्तामा बसाइदिएको छ । आफू बसेको छैन । आफू जान्न भनेर घोषणा गरेको छ।’

सत्ताको लोभबिना भएको यो पहिलो आन्दोलन भएको विश्लेषक आचार्यले तर्क गरे।

‘अहिलेसम्म नेपालको इतिहासमा २००७ सालदेखि अहिलेसम्म आन्दोलन गर्नेहरू हत्तपत्त सत्तामा जान र सत्तामा लुछाचुँडी गर्न नाम कहलिएका थिए, कुख्यात भएका थिए,’ उनले भने-‘चाहे त्यो २००७ सालको क्रान्ति होस्, त्यसपछि आएको २०३६ सालको क्रान्ति होस् वा २०४६, २०६२–२०६३ सालको।’

उनले थपे-‘आन्दोलन केका लागि गरेको भन्दा झन्डै झन्डै एउटा मान्यता र मानक स्थापित भएको थियो कि सत्तामा जान भन्ने।’

जेन-जी आन्दोलनकारीले आफूहरू सत्तामा नजाने बताएर यो पुष्टि गरेको उनले बताए। ‘यो पहिलो आन्दोलन हो। जुन आन्दोलनकारी समूहले आन्दोलन गरेको हो हामी सत्तामा जाँदैनौं भनिरहेको छ,’ उनले भने-‘त्यसैले यहाँ त्याग पनि छ, निःस्वार्थपन पनि छ। यो आन्दोलनले नयाँ मानक स्थापित गरेको छ।’

विश्लेषक आचार्यले यसका लागि पुरानो पुस्ताले नयाँ पुस्तालाई धन्यवाद दिनुपर्ने बताए।

जेनजी पुस्ताले आफूहरू आन्दोलन गर्न सक्षम रहेको, सत्ता परिवर्तन गर्न सक्षम रहेको तर सत्ता सञ्चालन गर्न परिपक्व नभएको बुझेको विश्लेषक आचार्यले उल्लेख गरे । ‘त्यो उनीहरू आफैंले भनेका पनि छन्। नेपालको अहिलेसम्मको सबैभन्दा ठूलो समस्या पहिलाको पुस्ताले बुझेन अहिलेको पुस्ताले बुझ्यो । पहिलेको पुस्ताले हामी सबैकुरा जान्दछौं भन्थ्यो।’- उनले भने।

विश्लेषक आचार्यले नेपालको अहिलेसम्मको पुस्ताले नबुझेको समस्या जेनजी पुस्ताले बुझेकोमा खुशी व्यक्त गरे।

## विमानस्थलहरुको...

यस्तै निवर्तमान संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डेसहितको टोली क्यानाडामा २२ सेप्टेम्बरदेखि हुन लागेको आइकाओको ४२औं अधिवेशन (एसेम्बली) मा भाग लिन जाने स्वीकृति यसअघि नै लिइसकेकाले उनीहरुको भिसा रद्द गर्न निवेदनमा माग गरिएको छ। भ्रमण टोलीमा निवर्तमान मन्त्री, उनकी श्रीमती, पर्यटन मन्त्रालयका सह-सचिव मुकेश डंगोप्त र उनकी श्रीमती, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी र उनकी श्रीमती, उप-महानिर्देशक हंसराज पाण्डे र उनकी श्रीमती, उप-महानिर्देशक देवचन्द्र लाल कर्ण, उप-निर्देशक चादमाला श्रेष्ठलगायत क्यानाडासहित एक हप्तासम्म अमेरिका भ्रमणमा जान लागेको उल्लेख छ। उक्तकार्यक्रममा एक जना सेफ्टी म्यानेजर मात्र उपस्थित हुनु पर्ने भए पनि प्राधिकरणका अन्य पदाधिकारीहरूको हुलले सरकारी स्रोत र सम्पत्ति दुरुपयोग हुने खतरा रहेको निवेदनमा उल्लेख छ । यस अगाडि पनि महानिर्देशक अधिकारीले पटक पटक भ्रष्टाचार र घुसबाट कमाएको पैसाबाट विलासिता र मोजमस्ती गरेको आरोप लगाउँदै यसपटकको भ्रमण योजना छानबिन गरी कारबाही गर्न माग गरिएको छ।

निवेदनमा महानिर्देशक अधिकारीलाई सार्वजनिक लेखा समितिको उपसमितिले समेत छानबिन गरी अख्तियारलाई कारबाहीको सिफारिस गरिसकेको उल्लेख छ।

अधिकारीले २०७८ माघ १७ गते अनियमित राजनीतिक-आर्थिक चलखेलमार्फत् सिनियर कर्मचारीहरूको हक मिचेर महानिर्देशकको पद प्राप्त गरेको र त्यसपछि अर्बौं मूल्यका ठेक्का बढी लागत (ओभर इस्टिमेट) गरी आफ्नै लगानी भएका कम्पनीलाई दिई भ्रष्टाचार गरेको तथ्य प्रमाणसहित उजागर भएको निवेदनमा उल्लेख छ।

अधिकारीले हुण्डीमार्फत् अवैध कारोबार, अमेरिका, हङकङ, जापान, कम्बोडियालगायत देशहरूमा अवैध लगानी गरेको, व्यापारी र विदेशी पार्टनरसँग साँठगाँठ गरी प्राधिकरणको सम्पति दुरुपयोग गरेको गम्भीर आरोपहरू सार्वजनिक भएका निवेदनमा उल्लेख छ।

निवेदनमा प्राधिकरणका महानिर्देशक अधिकारीलाई तुरुन्तै निलम्बन गरी पक्राउ गर्न, आइकाओ एसेम्बली र त्यसपछिको अमेरिका भ्रमण रद्द गर्न र अस्तियार दुरुपयोग अनुसन्धान आयोगमार्फत चलिरहेको फाइलहरूलाई छिटो टुंगोमा पुर्‍याई मुद्दा दायर गर्न माग गरिएको छ।

निवेदनमा महानिर्देशक अधिकारी र उनका परिवारको नाममा झण्डै ८ अर्बको सम्पत्ति रहेको आरोप लगाउँदै सम्पत्ति विवरण संकलन गरी अवैध सम्पत्ति जफत गर्न माग गरिएको छ । यस प्रकरणमा संलग्न पदाधिकारीहरूलाई तत्काल राजनीतिक र कानुनी कारबाही गर्न र विदेश भ्रमणसम्बन्धी कागजातहरूको छानबिन गरी भ्रष्टाचार रोक्ने कदम चाल्न माग गरिएको छ। निवेदनको बोधार्थ जेन जी आन्दोलनमा अगुवा सुधन गुरुङ, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख प्रेम राई र नेपाल सरकारका मुख्य सचिव एक नारायण अर्याललाई उल्लेख गरिएको छ।

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल ६ महिनादेखि अन्तर्राष्ट्रिय उडानविहीन बन्दा होटेल तथा पर्यटन व्यवसायीसँगै स्थानीय बासिन्दामा निराशा छाएको छ। गत अप्रिलदेखि यहाँबाट कुनै पनि अन्तर्राष्ट्रिय उडान भएको छैन।

उद्घाटन भएको तीन वर्ष पूरा भइसक्दा पनि विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित र पर्याप्त नभएपछि व्यवसायीहरू पटक-पटक आन्दोलन गरिरहेका छन्।

यसबारे प्रतिक्रिया लिन खोज्दा प्राधिकरणका प्रवक्ता बाबुराम पौडेल र सूचना अधिकारी ज्ञानेन्द्र भूल दुबै जनासँग फोन सम्पर्क हुन सकेन।


**मोटरसाइकल हराएको सूचना**

मेरो निम्न विवरण भएको मोटरसाइकल यही मिति २०८२।०३। १६ गते रातिको समयमा रुपन्देही देवदह न.पा. वडा नं.- ७ शित्तलनगर स्थित आफ्नै घरमा पार्किङ्ग गरी राखेको अवस्थामा हराएको हुँदा फेला पार्नेहुने महानुभावहरुले निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु।

**नाम :** विष्णुप्रसाद फुल्देल
**ठेगाना :** देवदह-७, शित्तलनगर, रुपन्देही
**मोटरसाइकल नं. :** लु ९६ प ९९४४
**इन्जिन नं.:** DHXPPF70731
**चेसिज नं.:** MD2AACXOPPF32461
**मोडलः रातो कालो रंगको १ सय ५० सीसी पल्सर मोटरसाइकल**



**कावासोती नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना**

प्रकाशित मितिः २०८२/०६/०३

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सुचना उपर दर्ता हुन आएका बोलपत्र मध्येतपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोलअंक(मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 03/KM/NCB/ WORKS/ 2082/083 | Manav Dharma Chowk Dekhi Sital Chowk Jodne Adhuro Bato Kalopatre | अनिशा कन्सट्रक्सन बर्दघाट | २८,८५,१६०.०४ | |
| 04/KM/NCB/ WORKS/ 2082/083 | Kusnahari Bato Staronnati | कार्की एण्ड कम्पनी प्रा.लि. काठमाण्डौ-१० | २४,५९,७९२.०० | |

**महेश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# विदेशबाट फर्केपछि आरन पेशा



गुल्मी । गुल्मीको मालिका गाउँपालिका ३ ह्वाङ्गी म्याला गाउँका विष्णुबहादुर बिकले बाबु बाजेले गर्दै आएको आरने पेशा बालिघरे प्रथामा काम गर्ने भएकोले जीवीका चलाउन मुस्कील परेपछि वैदेशिक रोजगारका लागि मलेसिया पुगेका थिए ।

तर सोंचे जस्तो नभएपछि फर्केर आइ त्यस आराने पेशलाई आधुनिकीरण गर्ने सोंच बनाएर बुटवलतर्फ लागे । गत ६ वर्षदेखि बुटवल ५ को हाटबजारलाइनमा मेशिनको माध्यबाट घरेलु हातहतियारसहित सबै खाले कृषि औजार उत्पादन गर्न सुरु गरेका उनले आफूले मलेसिमा भन्दा बढी कमाई स्वदेशमै लिन थालेको बताउँछन् । अहिले मासिक सरदर ५० हजार आम्दानी लिन थालेको उनको भनाइ छ ।

उनकोमा स्टिल जस्तै टल्किने खुकुरी, खोंडा, तरबारलगायतको कृषि औजारको उद्योग बन्न पुगेको छ । अझ झन दसैं नजिकै गर्दा उनलाई भ्याइनभ्याइ भएको छ । बाबु मिनबहादुर बिकको वृद्ध अवस्था भएसँगै आराने पेशा बन्द भएको थियो । तीन भाइमध्ये दुई भाइ भारतको रोजगारमा छन् । उनै कान्छा छोरा विष्णुले अहिले आरानलाई कारखानमा परिणत गरेपछि उनीसँगै त्यस समुदायका अरु युवाहरु समेत त्यस पेशामा उत्साहित भएर लागेका छन् । उनले बनाएका खुकुरी, खोडा, तरबार र छुरीहरुमा निकै कलात्मक विडहरु बन्ने गरेका छन् । शैक्षिक योग्यताले भात खान, सीप अनिवार्य सिक्नुपर्ने कुरालाई उनले मूल मन्त्र बनाएका छन् । उनले भने-'आरनको काम गर्दागर्दै विदेश जाने भूत चढ्यो र मलेसिया गएँ, कम्पनी राम्रो परेन । तीन वर्षसम्म बस्दा पनि कुनै कमाइ नभएपछि अब बाउजेको पेशा नै गर्छु भनेर घर फर्किएँ ।'

'केही वर्षअघि बुटवल गएर मेशिनबाट आधुनिक तरिकाले कृषि औजार बनाउने काम दुई वर्षसम्म एक जना साहुकोबाट सिके । त्यसपछि ६ वर्षयता आफैँले सानो उद्योगका रुपमा खोलेको छु, यसलाई क्रमशः बढाउँदै र अरु युवाहरुलाई सिकाएर रोजगारी दिलाउने सोंच राखेको छु ।'-उनले भने । उनले अब विदेशको सपना देख्न नपर्ने, विदेशमा दिइने समय र जाँगर दिन सके विदेशको कमाइ यही हुने बताए ।

# नगरपालिका भवन आगजनीमा जनप्रतिनिधि र कर्मचारी नै संलग्न

परासी । पश्चिम नवलपरासीको बर्दघाट नगरपालिकाले तोडफोड र आगजनीमा संलग्न तीन जनप्रतिनिधि तथा ५ कर्मचारीलाई कारबाहीको तयारी गरेको छ ।

भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा निजी र सार्वजनिक सम्पत्ति तोडफोड र आगजनीमा संलग्न वडा नं ४ का दुई वडा सदस्य, वडा नं. १५ का एक वडा सदस्यसहित ५ जना कर्मचारी भएको भिडियोमा भेटिएको भन्दै उनीहरूमाथि कारबाहीको प्रक्रिया अघि बढाइएको नगरपालिकाका स्रोतले जनाएको छ ।

नगरपालिकाको कार्यालयमा आगजनी र तोडफोडको घटनामा निर्वाचित जनप्रतिनिधि र नगरपालिकामा बहालवाला कर्मचारीका साथ भेटिएपछि नगरपालिकाले कारबाही अघि बढाएको हो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम पौडेलले मेयर शम्भुलाल श्रेष्ठ संयोजकत्वमा ७ सदस्य रहेको छानबिन समिति बनाइएको र समितिको सिफारिसका आधारमा प्रमाण भेटिएअनुसारको कारबाही हुने जानकारी दिए ।

'भिडियोमा केही जनप्रतिनिधि र केही कर्मचारीको अनुहार देखिएको कुरा छ, म आएको त धेरै दिन भएको छैन, छानबिन समिति बनेको छ, समितिले गरेको सिफारिसका आधारमा कारबाही हुने हो ।'- उनले भने ।

तोडफोड र आगजनीमा संलग्न जनप्रतिनिधिको सबै सेवा सुविधा बन्द गर्ने र कर्मचारीलाई नगरपालिकाबाट हटाउनेसम्मको कारबाही गर्ने तयारीमा पालिका पुगेको मेयर श्रेष्ठले जनाएका छन् ।

संलग्नको नाम सार्वजनिक नभएको र अनुसन्धानकै प्रक्रियामा रहेकाले प्रमाण भेटिए कारबाही हुने नगर प्रवक्ता सन्तबहादुर गाहले बताए । प्रमुख कार्यकारी अधिकृत बाबुराम पौडेलका अनुसार तोडफोड र आगजनीबाट क्षतिको पूरा रकम नखुले पनि ३ करोडभन्दा माथि क्षति भएको आँकलन गरिएको छ ।

# सुरक्षाको प्रत्याभूति दिलाउन चेम्बरको माग



बुटवल । नेपाल चेम्बर अफ कमर्सले नवनियुक्त गृहमन्त्री ओमप्रकाश अर्यालसमक्ष उद्यमी व्यवसायीको मनोबल उकास्ने गरी सुरक्षाको प्रत्याभूति दिलाउन आग्रह गरेको छ । अध्यक्ष कमलेशकुमार अग्रवालसहितको पदाधिकारी टोलीले गृहमन्त्री अर्याल समक्ष सिंहदरबारमा बिहीबार भेटवार्ता गरेको हो ।

चेम्बरले निजी लगानी सुरक्षित एवं लगानीकर्तामा विश्वास जगाउन राज्यले पहल गर्नुपर्ने आवश्यकतामा जोड दिएको हो ।

आन्दोलनका क्रममा सरकारी र निजी सम्पत्तिमा आक्रमण हुनु दुखद् भएको र यस्ता घटनाले व्यवसायिक वातावरणमा नकारात्मक असर पर्न गएको चेम्बरका अध्यक्ष अग्रवालले बताए ।

उनले भने-'मुलुकको समग्र आर्थिक विकास र रोजगारी सिर्जनामा निजी क्षेत्रको ठूलो योगदान रहेको छ, मुलुकमा निजी क्षेत्रको लगानी ८१ प्रतिशतभन्दा बढी रहेको छ, विकसित पछिल्लो घटनाक्रमले व्यावसायिक सुरक्षामा गम्भीर प्रश्न उब्जाएको छ ।'

निजी क्षेत्रको सम्पत्ति सुरक्षण र व्यवसायिक स्थिरताका लागि शान्तिपूर्ण वातावरण अपरिहार्य रहेको अध्यक्ष अग्रवालले बताए ।

वर्तमान अवस्थामा सरोकारवाला गृहमन्त्रालय, अर्थमन्त्रालय, नेपाल राष्ट्र बैंक तथा सुरक्षा निकाय र निजी क्षेत्रबिच छिटो छरितो सूचना आदान प्रदानका लागि विशेष संयन्त्र बनाइनुपर्ने चेम्बरले उल्लेख गरेको छ ।

प्राकृतिक विपत्ति वा अराजकताको समयमा आर्थिक पूर्वाधार सुरक्षित राख्न विशेष सुरक्षा योजना बनाउन समेत चेम्बरले गृहमन्त्री अर्याललाई सुझाव दिएको छ ।

'आर्थिक क्षेत्रको सुरक्षा, डिजिटल सुरक्षा तथा संकट व्यवस्थापनसम्बन्धी तालिम सुरक्षा निकायलाई उपलब्ध गराउन आवश्यक देखिएको छ ।'-चेम्बरले गृहमन्त्री अर्याललाई दिएको सुझावमा छ ।

यस्तै आर्थिक सुरक्षासँग सम्बन्धित जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न पनि चेम्बरले सुझाव दिएको छ । चेम्बरले आन्दोलनका क्रममा भएको सरकारी सम्पत्तिको पुनर्निर्माणका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत गृहमन्त्री अर्याल समक्ष व्यक्त गरेको छ ।

# जनमतका ६ केन्द्रीय नेताले छाडे पार्टी



बुटवल । डा. सीके राउत नेतृत्वको जनमत पार्टीका केन्द्रीय तहका ६ नेताले पार्टी परित्याग गरेका छन् ।

पार्टी अध्यक्ष राउतलाई २४ घण्टाभित्र पदबाट राजीनामा दिन बुधबार अल्टिमेटम दिएका ६ नेताले बिहीबार साधारण सदस्य समेत नरहने गरी पार्टी परित्याग गरेका हुन् ।

उपाध्यक्ष अब्दुल खान, प्रवक्ता डा. शरदसिं यादव, जनमत युवा संघका केन्द्रीय संयोजक सीके सिंह, सुदूरपश्चिम इञ्चार्ज राजाराम चौधरी र राष्ट्रिय परिषद सदस्य विक्रमबहादुर बमले पार्टी छाडेका हुन् ।

पार्टी अध्यक्षलाई राजीनामा दिन अल्टिमेटम दिएपछि राउतले सामाजिक सञ्जालमा पार्टी छोड्न उपयुक्त समय भएको बताएका थिए ।

पार्टी परित्यागको घोषणा गरेका प्रवक्ता डा.शरदसिंह यादवले भने-'हामी पार्टी खोल्न भनेर राजीनामा दिएका होइनौं । उहाँलाई सजिलो होस् भनेर पार्टी छोड्यौं ।'

# विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन भत्ता

गुल्मी । रेसुङ्गा नगरपालिकाले विशेषज्ञ चिकित्सकहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउँदै आएको छ । नगरपालिकाले गुल्मी अस्पताल तम्घासमा गत दुई वर्षदेखि विशेषज्ञ चिकित्सकलाई मासिक रुपमा तलब बराबरको रकम प्रोत्साहन भत्ताबापत उपलब्ध गराउँदै आएको छ ।

दुर्गम तथा साना जिल्लामा चिकित्सक आउन रुचि नदेखाउने र सरुवा भई आइहाले पनि लामो समय नबस्ने भएकोले उक्त समस्या समाधानका लागि नगरपालिकाले उक्त प्रोत्साहनभत्ता उपलब्ध गराउन थालेको हो । यसअघि गुल्मी अस्पतालमा कार्यरत एक जना विशेषज्ञ चिकित्सकलाई मात्र प्रदान गरिएको प्रोत्साहन भत्ता कार्यक्रममा थप गरी यस वर्षदेखि थप ६ जना विशेषज्ञ चिकित्सकलाई उपलब्ध गराउन थालेको रेसुङ्गा नगरपालिका प्रमुख खिलध्वज पन्थीले जानकारी दिएका छन् ।

उनले विशेषज्ञ चिकित्सकबाट गुणस्तरीय सेवा प्रदान गर्न र लामो समय जिल्लामा चिकित्सक टिकाइ राख्नका लागि सरकारले प्रदान गर्ने तलब सुविधा बराबरको रकम प्रोत्साहन भत्ता उपलब्ध गराउँदै आएको जानकारी दिए ।

रेसुङ्गा नगरपालिका र गुल्मी अस्पतालसँग उक्त प्रोत्साहन भत्ता उपलब्ध गराउन आवश्यक कार्य सम्पादनका विषमा दुवै पक्षबिच सम्झौतासमेत भएको छ । नगरपालिकाले गुल्मी अस्पतालका आन्तरिक चिकित्सा विशेषज्ञ डा. विभव बस्याल, आन्तरिक चिकित्सा विशेषज्ञ डा. सुरेन्द्र क्षेत्री, बालरोग विशेषज्ञ डा. प्रज्ञा शाक्य, स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. सोफिया थापा, हाडजोर्नी तथा नशारोग विशेषज्ञ डा.प्रदीप शिवाकोटी र सामान्य तथा आकस्मिक चिकित्सा विशेषज्ञ डा.अर्जुन केसीलाई उक्त प्रोत्साहन भत्ता उपलब्ध गराउने भएको हो ।

प्रोत्साहन भत्ताबापत नगरपालिकाले चिकित्सकका लागि वार्षिक रुपमा रु ४० लाख खर्चिने भएको छ । यस कार्यक्रमबाट गुल्मी अस्पतालको स्वास्थ्य सेवा थप गुणस्तरीय हुने र नागरिकहरुले सहज र सुलभरुपमा विशेषज्ञ सेवा लिनसक्ने बताइएको छ ।

विगतमा जिल्लामा विशेषज्ञ सेवा उपलब्ध नहुँदा बिरामी उक्त सेवा लिनका लागि पाल्पा र बुटवलसम्म पुग्नुपर्ने बाध्यता रहेको थियो । अहिले सदरमुकाम तम्घासमै विशेषज्ञ सेवा सुरु भएपछि बिरामीलाई राहत मिलेको नागरिक समाज गुल्मीका अध्यक्ष पदमप्रसाद पाण्डेले बताए ।

नगरपीलकाले गुल्मी अस्पतालका लागि स्वास्थ्य सेवामा आम नागरिकको सहजरुपमा पहुँच वृद्धि गर्न 'गुल्मी अस्पताल, हाम्रो अस्पताल' भन्ने नाराका साथ अस्पतालको सेवा वृद्धिका लागि आवश्यक सहयोग गर्दै आएको अस्पताल व्यवस्थापन समिति अध्यक्ष गोपालप्रसाद पाण्डे बताउँछन् ।

# सबै शिल्पीलाई जोड्न विश्वकर्मा समाज जागरण अभियान



भैरहवा । कला र सीपलाई इमान्दारीका साथ प्रयोग गर्दै आएका शिल्पीहरु एक जुट हुन जागरण अभियानको सुरुवात गरिएको छ ।

सीपबाट समाजमा योगदान गरेका सबैलाई एक हुन आवश्यक भएकोले नेपाल विश्वकर्मा समाज जागरण अभियानको सुरुवात गरिएको हो । जागरण अभियानले विश्वकर्मा दिवसको अवसर पारेर प्रथम स्थापना दिवस तथा विश्वकर्मा पूजा उत्सव-२०८२ मनाएको छ । रुपन्देहीको भैरहवामा एक कार्यक्रमकाबिच स्थापना दिवस तथा उत्सव मनाइएको अभियानका केन्द्रीय संयोजक विश्वनाथ रसाली (विनोद) ले जानकारी दिए ।

शिल्पी विश्वकर्मा समुदायमाथि लादिएको तथाकथित दलित पहिचान हटाई वास्तविक पहिचान स्थापित गर्न, पहिचानलाई संधिानमा उल्लेखित गराउन, समुदायिक औचित्यबारे उजागर गर्न, पहिचानमा बाधक बन्ने तत्वलाई सचेत गराउन, व्यापक जनमत तयार गर्न, विकृति विसंगतिविरुद्ध संघर्ष गर्न यो अभियानको सुरुवात गरिएको संयोजक रसालीले बताए ।

कार्यक्रममा बोल्दै केन्द्रीय सचिव रामजी रसाली, घनश्याम विश्वकर्मा, लालबहादुर विश्वकर्मा, सह-संयोजक धर्मदेव धवल, सह-सचिव नन्दलाल वि.क., सह-कोषाध्यक्ष बुद्धबहादुर विश्वकर्मा, छत्र विश्वकर्मालगायतले विश्वकर्मा कुनै धर्म जाति नभई कला र सीप गर्ने सबै समुदाय रहेको जनाए । भगवानको सन्ततिको रुपमा एक मात्र समाज भनेको विश्वकर्मा मात्रै रहेकोले यसमा सबै शिल्पीहरुलाई जोड्नु पर्ने उनले बताए । उनीहरुले समाज र समुदाय चेतनशील जागरुक र इमान्दार नभएसम्म समाज र समुदायको विकास हुन नसक्ने बताए । विश्वकर्मा समाजकै शक्ति र सीपले संसार चलिरहेको सबै समाज एकजुट भइ अघि नबढेसम्म हाम्रा उद्देश्य पूरा नहुने जनाए । विश्वकर्मा समाजको महत्वपूर्ण भूमिका रहेकोले अधिकारका लागि एकत्रित भई आवाजबाट लड्नुपर्ने उनले उल्लेख गरे ।

समाजका जागरण अभियानले अब समाज र समुदायलाई चेतनशील बनाउनु अभियानको पहिलो प्राथमिकता र कर्तव्य रहेको छ । 'विकास नै हाम्रो मूल मन्त्र हुनेछ, सक्षम जनशक्ति उत्पादन गर्नु नेपाल विश्वकर्मा समाज जागरण अभियानको जिम्मेवारी हुनेछ, त्यसपछि सुन्दर, विकसित, सम्पन्नशाली समाज र समुदाय हुनेछ ।'-उनले भने ।

नेपाल विश्वकर्मा समाज जागरण अभियानका केन्द्रीय संयोजक विश्वनाथ रसाली (विनोद) को अध्यक्षता, समाजसेवी डिकबहादुर विश्वकर्माको प्रमुख आतिथ्यता, सचिव रामजी रसालीको स्वागत तथा इशान्त रसाली र निमिशा ज्ञवालीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा विश्वकर्मा बाबाको पूजाआजा, साँस्कृतिक प्रस्तुतिका साथै विभिन्न सहयोगी दातालाई सम्मान गरिएको थियो ।

# भ्रष्टाचारविरुद्ध चार घण्टा उभिएर विरोध प्रदर्शन




**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

चापाकोट नगरपालिका १० का दिपेश भण्डारी चार दिनदेखि उभिएर विरोध जनाइरहेका छन् । मुलुकमा बढ्दो भ्रष्टाचार र बेथितिविरुद्ध भण्डारीले उभिएर सांकेतिक विरोध जनाएका हुन् । स्याङ्जा चापाकोट नगरपालिकाको सुन्तलीटारस्थित सडक छेउमा राष्ट्रिय झण्डा काँधमा बोकेर दुई ओटा प्लेकार्ड बोकेर उनी चार दिनदेखि विरोधमा छन् । भदौ २९ गते आइतबारबाट दिउँसो २ बजेदेखि बेलुका ६ बजेसम्म चारघण्टा उनले भ्रष्टाचार र बेथितिको अन्त्यको माग गर्दै उनले आन्दोलन शुरु गरेका हुन् ।

भण्डारीले बोकेका प्लेकार्डमा 'देश बेच्ने पार्टी खारेज गर' र 'भ्रष्टचारीलाई मुण्डन गरी देश निकाला गर' भन्ने नारा लेखिएका छन् ।

२८ वर्षीय भण्डारी हालसालै 'जेनजी' ले गरेको आन्दोलनका समर्थक समेत हुन् । 'जेनजी' ले उठाएका मागहरु ओझेलमा परेको समेत भण्डारीले बताएका छन् । प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री बनाउनुपर्ने माग हामीले राखेका थियौं,' उनले भने-'अन्तरिम सरकारले फागुनमा गराउने निर्वाचनमा यो हुने सम्भावना देखिन, तत्काल संविधान संशोधन गरेर प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको निर्वाचन गराउनुपर्ने प्रक्रिया अगाडि बढाउनु पर्छ ।'

देशभरी मौलाएको भ्रष्टाचारसँगै आफ्नै नगरमा भएको भ्रष्टाचारविरुद्ध आफ्नो आन्दोलन सुरु भएको भण्डारीको भनाइ छ । लोकतान्त्रिक निर्वाचन, वडातहसम्म जनताको अधिकार, जनताले चाहेको मागलाई सम्बोधन, माटो परीक्षण गरी विषादीयुक्त कृषि उत्पादनसहित पर्यावरण जोगाउनेलगायतका मागहरु उनले उठाएका छन् । पहिलो चरण चारघण्टा उभिएर सांकेतिक आन्दोलन सुरु गरेको बताउँदै भण्डारीले अन्तरिम सरकारले 'जेनजी'का माग पूरा नभएमा आमरण अनसनसम्म बस्ने संकेत गरे ।

पुराना पार्टीले सुशासन कायम गर्न नसकेको र भ्रष्टाचारलाई संस्थागत गरेकाले हाम्रो पुस्ताले आन्दोलन गर्नु परेको भण्डारीले बताए । मैले गरेको सांकेतिक आन्दोलनले भ्रष्टाचारविरुद्धको जनचेतना जगाउने पनि लक्ष्य रहेको उनले बताए ।

भण्डारी एक्लै सडक छेउमा उभिएर विरोध जनाएकोमा स्थानीयको समेत साथ रहेको बताइएको छ । एकजना युवाले भ्रष्टाचार र सुशासनविरुद्ध गरेको सांकेतिक विरोधलाई सबैले साथ दिनुपर्ने स्थानीयले बताएका छन् ।

भदौ २३ र २४ गते देशभर भएको 'जेनजी' को आन्दोलनले स्याङ्जामा सामान्य क्षति भएको थियो । अन्य जिल्लाको क्षतिको तुलनामा स्याङ्जामा 'जेनजी' ले खेलेको भूमिका राम्रो भएकै कारण जोगिन पुगेको बताइएको छ । क्षति गरेर मात्रै आन्दोलन सफल नहुने भन्दै यस्तै सांकेतिक विरोधले पनि हरेक मागलाई सम्बोधन गर्न सहज हुने स्याङ्जावासीले बताएका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com